# समुदायद्वारा व्यवस्थित विद्यालयको स्रोत व्यवस्थापन

त्रिभूवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, स्नातकोत्तर तह
द्वितीय वर्षको आंशिक आवश्यकता पुरा गर्ने
प्रयोजनका लागि शैक्षिक योजना तथा
व्यवस्थापन विभागमा
प्रस्तुत

शोधपत्र


शोधकर्ता
जीवन भट्टराई
एम.एड. दोस्रो वर्ष
त्रि.वि. दर्ता नं. १२०६२ - १९८४
क्याम्पस रोल नं. ९६
परीक्षा रोल नं. २०४००३८



कनकाई बहुमुखी क्याम्पस
शैक्षिक योजना तथा व्यवस्थापन विभाग
सुरुङ्गा, झापा
कार्तिक, २०६८

# कृतज्ञता ज्ञापन

समुदायद्वारा व्यवस्थापन गरिएका प्राथमिक विद्यालयहरुको स्रोत व्यवस्थापन शीर्षकको प्रस्तुत शोधपत्र त्रि.वि. शिक्षाशास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह, दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि तयार पारिएको छ । सर्बप्रथम मेरो शोध प्रस्तावनालाई स्वीकृति प्रदान गरी शोधपत्र लेख्न अवसर प्रदान गर्नुहुने शैक्षिक योजना तथा व्यवस्थापनका विभागीय प्रमूख श्रीमति आशा शर्मा शिवाकोटीज्यूप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

आफ्नो कार्यव्यवस्तताका वावजुद पनि सरल ढंगले अमूल्य समय, सुझाव, सल्लाह, प्रेरणा एवम् निर्देशन दिएर शोधपत्र लेखनमा सहयोग गर्नुहुने आदरणीय गुरु शोधनिर्देशक श्री ठाकुरप्रसाद रसाइलीज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसरी नै यस विभागका श्रद्धेय गुरुहरु श्री योन्देन सुनुवार, श्री गोपीप्रसाद भट्टराईज्यू प्रति पनि हार्दिक आभार प्रकट गर्दछु ।

शोधकार्यको क्रममा आवश्यक तथ्याङ्क तथा सूचनाहरु उपलब्ध गराइ सहयोग गर्नुहुने सम्बन्धित विद्यालयका प्र.अ.ज्यूहरु, शिक्षकशिक्षिकाहरु, वि.व्य.स.का पदाधिकारीहरु. शि.अ.सं.का पदाधिकारीहरु, अभिभावक तथा विद्यार्थीहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु । अध्ययनको क्रममा मलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने साथीहरु तथा श्रीमति हिरा भट्टराईलाई पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै कम्प्युटर प्रिन्टमा सहयोग पु-याउने भाइ प्रदिप खनाललाई साथै भाषा सम्पादन गरी सहयोग पु-याउनुहुने सहकर्मी मित्र राधा भण्डारी समेतलाई हृदय देखि नै धन्यवाद दिन चाहन्छु ।

**जीवन भट्टराई**

# शोधसार

प्रस्तुत शोध अध्ययनको शीर्षक समुदायद्वारा व्यवस्थित विद्यालयको स्रोत व्यवस्थापन रहेको छ । यस अध्ययनको मुल उद्देश्य समुदायद्वारा व्यवस्थापन गरिएका प्राथमिक विद्यालयहरुको भौतिक र आर्थिक स्रोत व्यवस्थापनको अवस्था पत्ता लगाउनु, स्रोत व्यवस्थापनमा रहेका चुनौतिहरु पहिल्याउनु र स्रोत व्यवस्थापनको अवस्थाको विश्लेषण गर्नु रहेको छ ।

यो अध्ययन कार्य सम्पन्न गर्ने सिलसिलामा वर्णनात्मक तथा विश्लेषणत्मक ढाँचाको प्रयोग गरिएको छ । यो अध्ययनको लागि झापा जिल्लाका समुदायमा व्यवस्थापन हस्तान्तरण गरिएका सबै प्राथमिक विद्यालयहरुलाई कुल जनसंख्याको (Universe) को रुपमा लिइएको छ । जसमा उद्देश्यमूलक नमुना छनौटको आधारमा समुदायमा व्यवस्थापन हस्तान्तरण गरिएका पथरिया गा.वि.स.को १ वटा र भद्रपुर नगरपालिकाको १ वटा गरी जम्मा २ वटा प्राथमिक विद्यालयहरुलाई मात्र नमुना छनौट गरिएको छ । तथ्याङ्क संकलनका लागि अवलोकन फारम, अन्तरवार्ता निर्देशिका, लक्षित समुह छलफल निर्देशिका र सर्वेक्षण फारमको निर्माण एवम् प्रयोग गरी तथ्याङ्क संकलन कार्य सम्पन्न गरिएको छ ।

यसमा विद्यालयका प्र.अ., विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक अभिभावक संघका पदाधिकारी, विद्यार्थी र अभिभावकहरुलाई उद्देश्यमूलक छनौटको आधारमा नमुनाको रुपमा लिएर प्राथमिक तथ्याङ्क संकलन गरिएको छ ।

सामुदायिक विद्यालयको भौतिक स्रोतको अध्ययन गर्दा समुदायमा हस्तान्तरण भएपछि भौतिक व्यवस्थापनमा उल्लेख्य सुधार भएपनि अझै विद्यालयहरुमा खानेपानी, घेरावारा र खेलमैदान जस्ता पूर्वाधारको समस्याहरु रहेको देखियो । आर्थिक स्रोतको अवस्था विश्लेषण गर्दा आम्दानीको मुख्य स्रोत सरकारी अनुदान रहेको पाइयो भने अधिकांश रकम तलब भत्ता र प्रशासनिक कार्यमा खर्च हुने गरेको पाइएता पनि जनसहभागिता वृद्धि भई व्यवस्थापनमा जवाफदेहिता बढेकाले क्रमिक रुपमा सुधार हुँदै गएको पाइयो ।

विद्यालयमा आयवृद्धिको स्रोतको लागि जन परिचालन गरी आर्थिक सहयोग तथा श्रमदान कार्यक्रम संचालन गर्ने, अनावश्यक खर्चलाई घटाई खर्च बचत योजना बनाउने, स्थानीय निकायहरुले आफ्नो बजेटको निश्चित रकम विद्यालयलाई दिनुपर्ने नीति तथा कानून बनाउनुपर्ने र शहरी क्षेत्रको तुलनामा ग्रामीण क्षेत्रमा सरकारी लगानीमा वृद्धि गरी

सरोकारवालालाई विद्यालयको निर्णय प्रक्रियामै सामेल गराई समुदायमा अवस्थित विद्यालयप्रति अपनत्वको भावना जागृत गराउने यस अध्ययनको सुझावहरु रहेका छन् ।

स्रोत व्यवस्थापनका चुनौतिहरुमा विद्यार्थी शुल्क उठाउनमा कठिनाई, अभिभावकको कमजोर आर्थिक अवस्था, विद्यालयको दिगो आर्थिक स्रोतको अभाव, स्थानीय निकाय र संघसंस्थाहरुको सहयोगमा निरन्तरता र पारदर्शिता नहुनु, मूल्याङ्कन, अनुगमन तथा तालिमको अभाव आदि रहेका छन् । साथै समुदायद्वारा व्यवस्थापनको जिम्मा लिएपछि खासगरी ग्रामीण क्षेत्रमा अवस्थित विद्यालयमा भन्दा शहरी क्षेत्रमा अवस्थित विद्यालयमा स्रोत व्यवस्थापन सम्बन्धमा भएका राम्रा अभ्यासहरुमा आर्थिक कारोवारमा पारदर्शिता, भौतिक स्रोत व्यवस्थापनमा सुधार, जनसहभागितामा वृद्धि, छात्रवृत्ति कार्यक्रममा पारदर्शिता, बचतको शुरुवात आदि तुलनात्मकरुपमा राम्रो रहेको पाइएको छ ।

# विषयसूची


| क.सं. | विषय | पेज नं. |
|---|---|---|
| सिफारिस पत्र | | |
| स्वीकृति पत्र | | |
| कृतज्ञता | | I |
| शोधसार | | I I-III |
| संक्षिप्त शब्दावली | | IV |
| विषयसूची | | V-VI |
| परिच्छेद एक : परिचय | | १-८ |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ५ |
| १.३ | अध्ययनको औचित्य | ६ |
| १.४ | अध्ययनको उद्देश्य | ७ |
| १.५ | अनुसन्धानात्मक प्रश्न | ८ |
| १.६ | अध्ययनको परिसिमा | ८ |
| परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका | | ९-२३ |
| २.१ | सम्बन्धित साहित्यको पुनरावलोकन | ९ |
| | २.१.१ विकेन्द्रीकरणको अवधारणा | ९ |
| | २.१.२ सामुदायिक विद्यालयको स्रोत व्यवस्थापनको अवस्था | १२ |
| | २.१.३ सामुदायिक विद्यालयको स्रोत व्यवस्थापनका समस्याहरु | १५ |
| | २.१.४ समुदायमा व्यवस्थापन हस्तान्तरण भएपछि भएका राम्रा अभ्यासहरु | १७ |
| २.२ | सैद्धान्तिक खाका | १८ |
| | २.२.१ मानव सम्बन्ध सिद्धान्त | १८ |
| | २.२.२ बैज्ञानिक व्यवस्थापनको सिद्धान्त | १९ |
| २.३ | अध्ययनको शैक्षिक उपादेयता | २३ |
| परिच्छेद तीन : अध्ययन विधि | | २४-२८ |
| ३.१ | परिचय | २४ |
| ३.२ | अनुसन्धानात्मक ढाँचा | २४ |
| ३.३ | अध्ययनको जनसंख्या | २४ |

| | | |
|---|---|---|
| ३.४ | नमुना छनौट कार्यविधि | २५ |
| ३.५ | तथ्याङ्क संकलनका विधि तथा औजारहरु | २५ |
| ३.६ | तथ्याङ्क विश्लेषण | २८ |
| ३.७ | वैद्यता र विश्वसनियता | २८ |
| परिच्छेद चार : तथ्याङ्क प्रस्तुतिकरण र विश्लेषण | | २९-४४ |
| ४.१ | सामुदायिक विद्यालयहरुको स्रोत व्यवस्थापनको अवस्था | २९ |
| | ४.१.१ विद्यालयको भौतिक स्रोत व्यवस्थापनको अवस्था | २९ |
| | ४.१.२ विद्यालयको आर्थिक स्रोत व्यवस्थापनको अवस्था | ३१ |
| | ४.१.३ प्रोत्साहन अनुदानको परिचालन | ३८ |
| ४.२ | सामुदायिक विद्यालयहरुको स्रोत व्यवस्थापनमा देखा परेका चुनौतिहरु | ३९ |
| | ४.२.१ विद्यालयको दिगो आर्थिक स्रोतको अभाव | ३९ |
| | ४.२.२ अभिभावकहरुको कमजोर आर्थिक अवस्था | ४० |
| | ४.२.३ स्थानीय निकाय र संघसंस्थाबाट अपेक्षित सहयोग प्राप्त हुन नसक्नु | ४० |
| | ४.२.४ विद्यालय संचालनका लागि बढी खर्च गर्नुपर्ने बाध्यता | ४१ |
| | ४.२.५ मूल्याङ्कन, अनुगमन तथा तालिमको अभाव | ४१ |
| ४.३ | समुदायमा व्यवस्थापन हस्तान्तरण भएपछि स्रोत व्यवस्थापनमा देखिएका राम्रा अभ्यासहरु | ४२ |
| | ४.३.१ विद्यालयको भौतिक व्यवस्थापनमा सुधार | ४२ |
| | ४.३.२ छात्रवृत्ति कार्यक्रममा पारदर्शिता | ४२ |
| | ४.३.३ स्रोत व्ययवस्थापनमा जनसहभागिता | ४३ |
| | ४.३.४ विद्यालयको आर्थिक क्रियाकलापमा पारदर्शिता | ४४ |
| | ४.३.५ विद्यालयको आर्थिक बचत | ४४ |
| परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष तथा सुझावहरु | | ४५-५१ |
| ५.१ | अध्ययनका मुख्य प्राप्तिहरु | ४५ |
| | ५.१.१ विद्यालयको स्रोत व्यवस्थापनको अवस्था | ४५ |
| | ५.१.२ विद्यालयहरुको स्रोत व्यवस्थापनका चुनौतिहरु | ४६ |
| | ५.१.३ व्यवस्थापन हस्तान्तरणपछि स्रोत व्यस्थापनमा भएका राम्रा अभ्यासहरु | ४६ |
| ५.२ | निष्कर्ष | ४७ |
| | ५.२.१ अध्ययनका मुख्य निष्कर्ष | ४७ |
| | ५.२.२ सुझावहरु | ४८ |
| सन्दर्भग्रन्थ | | VII-VIII |
| अनुसूचीहरु | | IX-XII |

# संक्षिप्त शब्दावली

| | | |
|---|---|---|
| प्र.अ. | - | प्रधानाध्यापक |
| वि.व्य.स. | - | विद्यालय व्यवस्थापन समिति |
| प्रा.वि. | - | प्राथमिक विद्यालय |
| शि.अ.सं. | - | शिक्षक अभिभावक संघ |
| गा.वि.स. | - | गाउँ विकास समिति |
| जि.वि.श. | - | जिल्ला विकास समिति |
| न.पा. | - | नगरपालिका |
| जि.शि.का. | - | जिल्ला शिक्षा कार्यालय |
| TRSE | - | Technical Review of School Education |
| PPCC | - | Partnership for Protecting Children in Armed Conflict |
| CMS | - | Community Managed School |
| NGO | - | Non Governmental Organization |
| INGO | - | International Non Governmental Organization |